**संघीय संसद**

**राष्ट्रिय सभा**

**दोस्रो अधिवेशन**

**बैठक संख्या - ३१**

**सूचना पत्र - २**

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल असार २५ गते सोमबार

संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको एकतीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा विहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७५ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न विनियोजन शीर्षकहरु माथिको छलफलका क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम जारी रहेको घोषणा गर्दै माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय दिल कुमारी रावल थापा (पार्वती), माननीय अनिता देवकोटा, माननीय बद्री प्रसाद पाण्डे, माननीय डा. विमला राई पौडयाल र माननीय रामपृत पासवानलाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई अनुमति दिंदै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय जीवन बुढा, माननीय रामपृत पासवान, माननीय अनिता देवकोटा, माननीय तारा देवी भट्ट, माननीय विन्दा देवी आले (राना) र माननीय डा. विमला राई पौडयाललाई समय उपलब्ध गराउनु भयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालाई अनुमति दिंदै माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री बीना मगरलाई खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री बीना मगरले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय रमेश जंग रायमाझी, माननीय बद्री प्रसाद पाण्डे, माननीय रामपृत पासवान, माननीय कमला कुमारी ओली र माननीय तारा देवी भट्टलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय खानेपानी मन्त्री बीना मगरलाई अनुमति दिंदै खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय प्रमिला कुमारी, माननीय बद्री प्रसाद पाण्डे, माननीय रमेश जंग रायमाझी,

माननीय अनिता देवकोटा र माननीय बलराम प्रसाद बाँस्कोटालाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई अनुमति दिंदै अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईलाई सहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनु हुने माननीय बद्री प्रसाद पाण्डे र माननीय अनिता देवकोटालाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईलाई अनुमति दिंदै सहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले, माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनु हुने माननीय विन्दा देवी आले (राना), बद्री प्रसाद पाण्डे, माननीय शेर बहादुर कुँवर, माननीय तारादेवी भट्ट, माननीय रमेश जंग रायमाझी र माननीय दीनानाथ शर्मालाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीलाई अनुमति दिंदै परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री बर्षमान पुनलाई ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री बर्षमान पुनले दिनु भएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय ठगेन्द्र प्रकाश पुरी, माननीय रामपृत पासवान, माननीय बद्री प्रसाद पाण्डे र माननीय  तारादेवी भट्टलाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री बर्षमान पुनलाई अनुमति दिंदै ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनु हुने माननीय ठगेन्द्र प्रसाद पुरी, माननीय उदया शर्मा पौडेल, माननीय रामपृत पासवान,माननीय डा. विमला राई पौडयाल, माननीय रमेश प्रसाद यादव, माननीय बद्री प्रसाद पाण्डे, माननीय विन्दा देवी आले (राना), माननीय रमेश जंग रायमाझी, मानननीय नन्दा चपाई, माननीय रामनारायण विडारी र माननीय शेर बहादुर कुँवरलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठलाई अनुमति दिंदै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय रामपृत पासवान, माननीय रमेश प्रसाद यादव र माननीय रमेश

जंग रायमाझीलाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई अनुमति दिंदै रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको बैठक आजै २० मिनेट पछि बस्ने गरी दिनको ४:०० बजे स्थगित भएको घोषणा गर्नुभयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले आजै २० मिनेटको लागि स्थगित भएको बैठकको कारबाही दिनको ४:४० मा प्रारम्भ गर्नु भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय, र उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहनु हुने माननीय  बद्री प्रसाद पाण्डे, माननीय विन्दा देवी आले (राना) र माननीय रमेश प्रसाद यादवलाई समय उपलव्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई अनुमति दिंदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय, र उपराष्ट्रपतिको कार्यालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसैगरी,  सम्माननीय अध्यक्षले "विनियोजन विधेयक, २०७५" माथिको विभिन्न शिर्षकहरु माथिको दफावार छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्मानीय अध्यक्षले खर्च कटौतीका प्रस्तावहरुलाई सभामा निर्णयार्थ प्रस्तुत गरिने जानकारी गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अनिता देवकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलब्ध गराउनु हुँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय धन कुमारी खतिवडाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलव्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय विन्दा देवी आले (राना) द्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत उद्योग, वाणिज्य तथा आपूति मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलब्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलब्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय जितेन्द्र नारायण देवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलब्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय बद्री प्रसाद पाण्डेद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव  फिर्ता लिन समय उपलब्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय तारा देवी भट्टद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अर्न्तगत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलब्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७५ अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता लिन समय उपलब्ध गराउँदा उहाँले फिर्ता लिन नचाहनु भएकोले सभामा निणयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ९ सम्म  सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०७५" को अंग बनोस् भनी सभामा निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृति भएकोले विधेयकको दफा २ देखि ९ सम्म र सो सँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०७५" को अंग बनेको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयकको देहाय बमोजिमको प्रस्तावना र नाम पढेर सुनाउनु भयो :-

> "प्रस्तावना : आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,  संघीय संसदले यो ऐन बनाएको छ ।
>
> संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७५" रहेको छ ।
>
> (२) यो ऐन सम्वत् २०७५ साल साउन १ गतेदेखि लागू हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको प्रस्तावना र नाम "विनियोजन विधेयक, २०७५" को अंग बनोस् भनी सभामा निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत घोषणा गर्नुभयो ।

त्यसैगरी, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई "विनियोजन विधेयक, २०७५ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनु भयो । उक्त प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई "आर्थिक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले "आर्थिक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी  गराउँदै कुनै पनि माननीय सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले उक्त छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई "राष्ट्र ऋण उठाउने विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनु भयो ।

त्यसपछि, "राष्ट्र ऋण उठाउने विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी  गराउँदै कुनै पनि माननीय सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले उक्त छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई "राष्ट्र ऋण उठाउने विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

त्यसपछि, अर्थ मन्त्री डा. युवराज खतिवडालाई "ऋण तथा जमानत (बाइसौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "ऋण तथा जमानत (बाइसौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँदै कुनै पनि माननीय सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले उक्त छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले उपयुर्क्त विधेयकहरुमा सुझाव पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम विधेयक शाखा (राष्ट्रिय सभा)मा दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको बैठक २०७५ साल असार २६ गते मंगलबार दिनको ३:०० बजे बस्ने जानकारी गराउनु हुँदै साँझ ६:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव